# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 17, Issue 7 No. 103 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Magh 2074 (February-2018)


## ग्राहक आधार करिब १ करोड ८४ लाख

गत २०७४ कात्तिक महिनाको अन्त्यसम्ममा नेपाल टेलिकमको ग्राहक आधार १ करोड ८३ लाख ८७ हजार १ सय २२ पुगेको छ। नेपाल टेलिकमले प्रकाशित गरेको पछिल्लो MIS Report मा यो तथ्य प्रकाशित गरिएको छ।

यसअनुसार जीएसएम मोबाइल सेवाका ग्राहक १ करोड ६० लाख ६५ हजार ५ सय, सीडीएमए सेवाका ग्राहक १६ लाख ४१ हजार तथा पीएसटीएन टेलिफोन सेवाका ग्राहक ६ लाख ७९ हजार ५ सय रहेका छन्।

कात्तिक मसान्तसम्म कम्पनीको डाटा सेवाका प्रयोगकर्ता ८७ लाख ९८ हजार पुगेका छन्। यसअनुसार सीडीएमए डाटा सेवाका प्रयोगकर्ता १ लाख ३६ हजार ५ सय, जीएसएमका ८४ लाख ४७ हजार ६ सय, वाइम्याक्सका १६ हजार ९ सय, एडीएसएलका १ लाख ९१ हजार ५ सय र एफटीटीएचका ५ सय प्रयोगकर्ता छन्।

नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको पछिल्लो (२०७४ असोज महिना) MIS Report अनुसार नेपाल टेलिकमको बजार हिस्सा अग्रस्थानमा छ। उक्त प्रतिवेदनअनुसार नेपाल टेलिकमको भ्वाइसमा ४९ प्रतिशत र डाटामा ५१.९८ प्रतिशत बजार हिस्सा रहेको छ। असोज महिनाको अन्त्यसम्म नेपाल टेलिकमको भ्वाइस सेवाका ग्राहक १ करोड ८१ लाख ९५ हजार ४ सय र डाटा सेवाका प्रयोगकर्ता ८६ लाख ६० हजार भएको उल्लेख गरिएको छ।

## नेपाल–चीन अप्टिकल लिंक सञ्चालनमा




सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेतले नेपाल टेलिकम र चाइना टेलिकम ग्लोबलबीच क्रसबोर्डर अप्टिकल फाइबर लिंकको २०७४ पुस २८ गते औपचारिक शुभारम्भ गर्नुभयो। यसपछि नेपालको सूचना महामार्ग (Information Highway) भारत र चीन दुवैतिरबाट विश्वसँग जोडिन सम्भव भएको छ।

उद्घाटनका अवसरमा माननीय मन्त्री बस्नेतले देशव्यापी रुपमा इन्टरनेट पूर्वाधार निर्माणका लागि नेपाल–चीन क्रसबोर्डर अप्टिकल फाइबर लिंक एक कोशेढुंगा भएको बताउदै चीन र नेपालबीच सरकारी, संस्थागत र जनस्तरमा भइरहेको सहयोगलाई अझै बढाउन यसले भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा सूचना तथा सञ्चार मन्त्रालयका सचिव एवं नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष केदार बहादुर अधिकारीले आर्थिक वृद्धि र देशको समग्र विकासका लागि दूरसञ्चार पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्ने भएकोले सो लिंक नेपालका लागि महत्वपूर्ण भएको बताउनु भयो।

नेपालका लागि चीनका राजदूत यु होडले नेपालका लागि चीन दोस्रो ठूलो व्यापारिक साझेदार राष्ट्र भएको स्मरण गर्दै सो लिंकले इन्टरनेट उपलब्धताका लागि छोटो रुट उपलब्ध गराएको मात्र नभई दुई देश बीचको व्यावसायिक सम्भावनालाई अझै नजिक ल्याएको बताउनु भयो।

(बाँकी ४ पेजमा)

## कम्पनीको दशौं साधारणसभा सम्पन्न




नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दशौं वार्षिक साधारणसभा आर्थिक वर्ष २०७३/७४ को मुनाफा रकम मध्येबाट रु.५५ प्रति शेयरका दरले शेयर धनीहरुलाई नगद लाभांश दिने र कम्पनीको नियमावली संशोधन लगायतका विभिन्न प्रस्तावहरु सर्वसम्मतले पारित गर्दै २०७४ पुस ३० गते काठमाडौंमा सम्पन्न भयो।

सो साधारण सभामा ९१ प्रतिशतभन्दा बढी शेयरधनीहरुको उपस्थिति रहेको थियो। उक्त सभाले लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब

(बाँकी २ पेजमा)

## माघ २१ सम्म 'विन्टर अफर'

नेपाल टेलिकमले आफ्ना सेवाग्राहीहरुलाई सुविधा पुऱ्याउने उद्देश्यले विभिन्न अफरहरु ल्याउने क्रममा हाल 'विन्टर अफर' उपलब्ध गराएको छ। विभिन्न प्रकारका सुविधा भएको यो अफर २०७४ पुस ७ गतेदेखि उपलब्ध गराइएको हो। अफर आगामी २०७४ माघ २१ गतेसम्म कायम रहनेछ।

कम्पनीले विभिन्न प्रकारका डाटा प्याक र बोनसको रुपमा डाटा स्ट्रिमिङ प्याकसमेत उपलब्ध गराएको छ। डाटा स्ट्रिमिङ प्याक युट्युब र वाउ टाइम एप्समार्फत टिभी हेर्नका लागि प्रयोग गर्न सकिने छ।

(बाँकी २ पेजमा)



(१ पेजको बाँकी)

## कम्पनीको दशौं साधारणसभा ...

तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी सर्वसम्मतले पारित गरेको छ । साथै आर्थिक वर्ष २०७४/७५ को लागि कम्पनीको लेखा परीक्षण गर्न लेखापरीक्षक समेत नियुक्त गरेको छ ।

साधारण सभाले सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित हुने सञ्चालकको कार्यकाल ३ वर्ष वा नियुक्ति भएको मिति देखि तीन वटा साधारण सभा बस्ने मिति मध्ये जुन पहिलो हुन्छ, सो मितिसम्म मात्र हुने व्यवस्था गरेको छ ।

कम्पनीको सञ्चालक समितिका अध्यक्ष एवं सूचना तथा सञ्चार मन्त्रालयका सचिव केदार बहादुर अधिकारीले साधारणसभामा उपस्थित शेयर धनीहरुलाई स्वागत गर्दै कम्पनीको दशौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । प्रतिबेदन पेश गर्दै उहाँले कम्पनीले विगत वर्षहरूमा जस्तै यस वर्ष पनि नेपालको दूरसञ्चार क्षेत्रको समग्र विकास र विस्तारमा उल्लेख्य योगदान पुर्‍याउँदै ग्राहक आधारमा उत्साहप्रद विस्तार तथा मुनाफा आर्जन गर्न सफल भएको बताउनु भयो ।

उहाँले गुणस्तरीय सेवा तथा सेवाको सहज उपलब्धतामार्फत आफ्नो बजार हिस्सालाई मजबुत गर्न तथा व्यावसायिक उद्देश्य हासिल गर्न कम्पनी निरन्तर सेवाको संख्यात्मक विस्तार र गणुात्मक सुधार गर्न प्रतिबद्ध रहेको बताउनु भयो ।

उहाँले आर्थिक वर्ष २०७३/७४ मा खुद मुनाफा रु. १५ अर्ब ३७ करोड कायम राख्न कम्पनी सफल भएको र गत आ.व.को तुलनामा १७.२३ प्रतिशतले ग्राहक संख्यामा वृद्धि भई १ करोड ७६ लाखभन्दा बढी ग्राहक महानुभावहरूलाई नवीनतम प्रविधिमा आधारित सस्तो तथा भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउन कम्पनी सफल भएको जानकारी दिनुभयो ।

उहाँले उपभोक्ताहरूलाई नवीनतम तथा विश्वस्तरीय प्रविधिमार्फत उच्च गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यअनुरुप समीक्षा वर्षमा नेपालमै पहिलो पटक LTE प्रविधिमा आधारित चौथो पुस्ताको मोबाइल इन्टरनेट सेवा (4G) शुरु गर्न सफल भएको साथै 4G/ LTE सेवा देशैभरि विस्तार गर्न गरिएको टेन्डरमा प्राप्त प्रस्तावहरु हाल मूल्याङ्कनको प्रक्रियामा रहेको जानकारी गराउनु भयो । सो अवसरमा उहाँले सञ्चालनमा रहेका पुराना प्रविधिका पीएसटीएन (ल्यान्डलाइन) टेलिफोन सेवाको गुणस्तर वृद्धि हुने गरी नयाँ प्रविधिमा परिवर्तन गर्ने कार्यको शुरुवात गरिएको र यस प्रविधिअन्तर्गतका एक्सचेन्जहरूमा शतप्रतिशत एडीएसएल सेवाको क्षमता हुने भएकोले ग्राहकको माग अनुरुप एडीएसएल लाइन उपलब्ध गराउन समेत सम्भव हुने जानकारी दिनुभयो ।



*विष्णु प्रसाद कसजु*
*नवनिर्वाचित सञ्चालक*

उहाँले साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएका विभिन्न प्रश्नको जवाफ दिदै कम्पनीका अगाडि हाल अवसर र चुनौती दुवै भएको बताउदै आगामी दिनमा कम्पनी सेवा र लगानी विस्तार, सेवाको व्यावसायिकरण तथा प्रतिस्पर्धात्मक भावनाका साथ अगाडि बढ्ने बताउनु भयो । यसका लागि कम्पनी फोरजी, अप्टिकल फाइबर, माइक्रोवेभ लिंक, रणनीतिक साझेदार आदि क्षेत्रमा विभिन्न योजना निर्माणका साथ अगाडि बढिरहेको बताउनु भयो । साथै उहाँले आगामी दिनमा शेयर धनीहरुलाई अझ बढी प्रतिफल दिने उद्देश्यका साथ कम्पनीलाई अगाडि बढाउने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

कम्पनीले कम्पनी ऐनले तोकेको समय भित्र नै दशौं वार्षिक साधारणसभा सम्पन्न गर्न सफल भएको छ । साथै शेयरधनीहरुलाई लाभांश रकम २०७४ माघ २ गते देखि उपलब्ध गराउन थालिसकिएको छ । शेयरधनीहरुलाई उपलब्ध गराइएको लाभांश रकम अहिलेसम्म वितरण गरिएको लाभांश रकम मध्ये सवैभन्दा बढी हो ।

साथै सो साधारण सभाले सर्वसाधारण शेयरधनी मध्येबाट इन्जिनियर विष्णु प्रसाद कसजुलाई कम्पनीको सञ्चालक सदस्यमा निर्वाचित गरेको छ । कसजु नेपाल टेलिकमको पूर्व नायव प्रबन्ध निर्देशक समेत हुनुहुन्छ ।

(१ पेजको बाँकी)

## माघ २१ सम्म ...

### विन्टर अल टाइम डाटा प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा विन्टर अल टाइम डाटा प्याक प्रयोग गर्न सकिन्छ ।

विन्टर अल टाइम डाटा प्याक अन्तर्गत १२ रुपैयाँमा तीन दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी २५ एमबी डाटा र एक दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी २५ एमबी डाटा स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ । त्यसैगरी ६० रुपैयाँमा १४ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १५० एमबी डाटा र ३ दिनसम्म उपभोग गर्न पाउने गरी १५० एमबी डाटा स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ ।

१२० रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ५०० एमबी डाटा र ५ दिनसम्म उपभोग गर्न पाउने गरी ५०० एमबी स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ ।

यो प्याक लिनका लागि WIN25MB, WIN150MB वा WIN500MB लेखेर १४१५ मा एसएमएस पठाउनु पर्छ ।

### विन्टर नाइट डाटा प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा नाइट डाटा प्याक प्रयोग गर्न सकिन्छ । यो प्याक बेलुकी १० बजेदेखि बिहान ६ बजेसम्म मात्र प्रयोग गर्न सकिने छ । बोनसको रुपमा उपलब्ध गराइएको डाटा स्ट्रिमिङ प्याक पनि यही समयमै प्रयोग गर्न सकिने छ ।

विन्टर नाइट डाटा प्याक अन्तर्गत १२ रुपैयाँमा तीन दिनसम्म उपभोग गर्न पाउने गरी १२० एमबी डाटा र एक दिनभर उपभोग गर्न पाउने गरी १२० एमबी डाटा स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ ।

त्यसैगरी ६० रुपैयाँमा ७ दिनसम्म उपभोग गर्न पाउने गरी ७०० एमबी डाटा र ३ दिनसम्म उपभोग गर्न पाउने गरी ७०० एमबी डाटा स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ । १२० रुपैयाँमा २८ दिनसम्म उपभोग गर्न पाउने गरी १६०० एमबी डाटा र ७ दिनसम्म उपभोग गर्न पाउने गरी १६०० एमबी डाटा स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ ।

यो प्याक लिनका लागि WN120MB, WN700MB वा WN1600MB लेखेर १४१५ मा एसएमएस पठाउनु पर्छ ।

### विन्टर फेसबुक/इन्स्टाग्राम प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा विन्टर फेसबुक/इन्स्टाग्राम डाटा प्याक प्रयोग गर्न सकिन्छ ।

विन्टर फेसबुक/इन्स्टाग्राम डाटा प्याक अन्तर्गत १२ रुपैयाँमा तीन दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ५० एमबी डाटा र एक दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ५० एमबी डाटा स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ ।

त्यसैगरी ६० रुपैयाँमा चौध दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी २७५ एमबी डाटा र ३ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी २७५ एमबी डाटा स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ ।

१२० रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ६०० एमबी डाटा र ५ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ६०० एमबी डाटा स्ट्रिमिङ प्याक बोनसको रुपमा उपलब्ध गराइएको छ ।

यो प्याक लिनका लागि WF50MB, WF275MB वा WF600MB लेखेर १४१५ मा एसएमएस पठाउनु पर्छ ।

### एसएमएस प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा एसएमएस प्याकेज प्रयोग गर्न सकिन्छ । यो प्याक अन्तर्गत १० रुपैयाँमा ५ दिनसम्म उपभोग गर्न पाउने गरी ५० वटा एसएमएस र ५० वटा बोनस एसएमएस समेत उपलब्ध गराइएको छ । यसरी १० रुपैयाँमा १०० वटा एसएमएस गर्न सकिने छ ।

एसएमएस प्याक लिनका लागि SMS100 लेखेर १४१५ मा एसएमएस पठाउनु पर्छ ।

***माथि उल्लेख गरिएका सबै दरहरु करसहितका हुन् ।***

# रोमिङ सेवाको विकल्प : NTPro

नेपाल टेलिकमले खासगरी केही समयको लागि विदेश जाने नेपालीहरुका लागि लक्षित गरेर ल्याएको एप्स एनटीप्रो (NTPro) को लोकप्रियता बढिरहेको छ।

जीएसएम पोष्टपेड प्रयोगकर्ताहरुले यो एप्स प्रयोग गरी विदेशमा वा नेपालमै भएको समयमा पनि सस्तो दरमा कल गर्न सक्छन्। यसले गर्दा विदेशमा जादा रोमिङ सुविधा लिनु पर्ने र महँगो महसुल तिर्नु पर्ने झन्झट हुँदैन। हाल यो एप्सका प्रयोगकर्ता करिब ४ हजार ५ सय जति छन्। गुगल प्लेस्टोरबाट १० हजार भन्दा बढी पटक यो एप्स डाउनलोड भइसकेको छ।

यो सेवा इन्टरनेट सेवामा आधारित भएकाले प्रयोग गर्नका लागि भने इन्टरनेट चाहिन्छ। यो सेवा नेपाल टेलिकमका GSM पोस्टपेड मोबाइल प्रयोगकर्ताले प्रयोग गर्न सक्छन्। यसबाट Free Call पनि हुन्छ। NTPro User बाट NTPro User मा Voice Call Free हुन्छ। जस्तै : Postpaid Number 985××××××× छ भने NTPro User 85××××××× हुनेछ। NTPro User (85×××××××) बाट NTPro User (85×××××××) मा कल गर्दा Free हुन्छ। त्यसैगरी Apps बीचमा Instant Messaging र Video Call पनि Free हुन्छ।

मोबाइल Apps को Dial Pad प्रयोग गरी यो Apps बाट अन्य नम्बरमा सामान्य रुपमा कल गर्न सकिन्छ।

मोबाइल नम्बरका लागि : Dial 98××××××××

PSTN का लागि: Dial 0155××××××××

ISD का लागि : a. 1424 Country Code
b. 00 Country Code
c. + Country Code

यो SIP Service सञ्चालनको लागि प्रयोगमा ल्याएको एक प्रकारको Apps हो। यो सेवामार्फत नेपाल टेलिकमको नेटवर्कका कुनै पनि नम्बरमा कल गर्न सकिन्छ। NT नेटवर्क बाहिर अर्थात विदेशमा भएको समयमा पनि NT नेटवर्कको कल प्राप्त गर्न, भिडियो कल गर्न तथा NTPro प्रयोगकर्ता बीच SMS आदानप्रदान गर्न सकिन्छ।

GSM पोस्टपेड मोबाइलबाट sub-ntpro टाइप गरी 1428 मा SMS गरी प्राप्त User Name र Password प्रयोग गरी यो सेवा प्राप्त गर्न सकिन्छ।

NTPro मा Call Receive गर्नका लागि कुनै नम्बरमा Call Forward गर्नुपर्छ। Registration गर्दा नै यसरी Forward गरिने नम्बर SMS System बाट उपलब्ध गराइन्छ। यसका लागि नेपाल टेलिकमको मोबाइल नेटवर्कबाट USSD String **62*775×××××××# डायल गर्नुपर्छ। उदाहरणका लागि **62*775×××××××# String प्राप्त गरेपछि Call Receive गर्नका लागि **62*775×××××××# डायल गर्नुपर्छ।

कहिलेकाहिं यसको Password बिर्सियो भने पनि चिन्ता लिनु पर्दैन। SMS Shortcode बाट Password थाहा पाउन सकिन्छ। यसका लागि pwd पछि आफ्नो Postpaid को PUK Number लेखेर 1428 मा SMS पठाउनु पर्छ। (pwd your-pospaid-PUK-no)

त्यसपछि तुरुन्तै SMS मार्फत Password आउँछ। उदाहरणका लागि आफूले प्रयोग गर्ने Postpaid को PUK Number 1234567 छ भने pwd 1234567 लेखेर 1428 मा SMS पठाउनु पर्छ।

त्यसैगरी Password परिवर्तन गर्न पनि सकिन्छ। यसका लागि chngpwd old-pwd new-pwd लेखेर 1428 मा SMS गर्नुपर्छ। उदाहरणका लागि यदि Old Password abc123 र New Password xyz345 छ भने chngpwd abc123 xyz345 लेखेर 1428 मा SMS पठाउनु पर्छ। त्यसपछि नयाँ Password सहितको SMS तुरुन्तै आउँछ।

यो सेवा प्रयोग गर्न मन नलागेमा Unsubscribe गर्न पनि सकिन्छ। यसका लागि unsub ntpro टाइप गरी 1428 मा SMS गर्नुपर्छ। त्यसपछि तुरुन्तै यो सेवा Unsubscribe हुन्छ।

यसबाट कल गर्दा प्रतिमहिना रु. १००।- Rental Charge लाग्छ। NTPro बाट Mobile/Landline मा कल गर्दा वा उठाउदा रु. ६।- प्रतिमिनेट Call Charge लाग्छ। त्यसैगरी Outgoing International Call गर्दा रु. ६।- र सो देशका लागि लाग्ने ISD Charge प्रतिमिनेट लाग्छ। (यी सबै कलमा सरकारलाई तिर्नु पर्ने कर समावेश गरिएको छैन ।)

NTPro मा ISD Service लिनका लागि add intl लेखेर १४२८ मा SMS पठाउनु पर्छ। त्यसैगरी NTPro मा Incoming नभएमा पहिले ##21# Dial गर्ने र SMS System बाट आएको **62*775×××××××# Dial गर्नु पर्छ।

यस सम्बन्धी थप जानकारी https://www.ntc.net.np/mobile/ntpro.php बाट लिन सकिन्छ।

# कर्मचारी संगठनको वार्षिकोत्सव सम्पन्न

*नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकम (NEONNT) को एघारौं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ।*

*गत पुस १८ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित वार्षिकोत्सव कार्यक्रममा नेकपा माओवादी केन्द्रका नेता एवं पूर्व मन्त्री लेखराज भट्टले नेपाल टेलिकमको आन्तरिक समस्या पहिचान गर्दै त्यसलाई समाधान गर्न इमानदारीपूर्वक काम गर्न सम्पूर्ण कर्मचारीहरूलाई आग्रह गर्नुभयो।*

*सो अवसरमा उहाँले कम्पनीले आम सेवाग्राहीलाई गुणस्तरीय र सर्वसुलभ सेवा सुविधा उपलब्ध गराउन अनुरोध गर्दै कम्पनीको विकास र प्रगतिका लागि आफूले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो।*

*कार्यक्रममा माओवादी केन्द्रका काठमाडौं जिल्ला इन्चार्ज लेखनाथ न्यौपानेले नेपाल टेलिकमलाई अब्बल र प्रतिस्पर्धि बनाउन सरोकारवाला सबैमा आग्रह गर्नुभयो।*

*कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले नेपाल टेलिकमलाई अझ सवल, सक्षम र समृद्ध बनाउनका लागि सकारात्मक सोचका साथ इमानदारीपूर्वक काम गर्न सम्पूर्ण कर्मचारीहरूलाई आग्रह गर्नुभयो। उहाँले कम्पनीका सेवा सुविधा उपभोग गरिरहेका नेपालका लगभग ६३ प्रतिशत जनताहरुलाई सन्तुष्ट हुने गरी सेवा उपलब्ध गराउन सम्पूर्ण कर्मचारी प्रतिबद्ध हुनु पर्ने बताउनु भयो।*

*नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका अध्यक्ष दामोदर के.सी. को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा युएनआई नेपालका अध्यक्ष शंकर लामिछाने, नेपाल दूरसञ्चार कर्मचारी संघका अध्यक्ष राजबहादुर रावल, नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्र दाहाल, नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष राजकुमार मेहतालगायतले वर्तमान अवस्थामा कम्पनी र कर्मचारीको हितका लागि युनियन र व्यवस्थापनले खेल्नुपर्ने भूमिका सम्बन्धमा आ-आफ्ना विचार व्यक्त गर्नुभएको थियो।*

# मोबाइल सेटको IMEI नम्बर

प्रत्येक मोबाइल सेटमा IMEI (International Mobile Equipment Identity) नम्बर हुन्छ। यो मोबाइल सेटलाई परिचित गराउने विशेष खालको छुट्टै नम्बर हो। IMEI नम्बर मोबाइल सेटको परिचय दिने १५ वा १७ अंकको संख्यामा हुन्छ।

प्रत्येक मोबाइल सेटको IMEI नम्बर फरक हुन्छ। यो विशेषगरी मोबाइलको पछाडिको भागमा अर्थात ब्याट्री राख्ने ठाउँको मुनि लेखिएको हुन्छ। त्यस्तै मोबाइलमा *#06# डायल गरेर पनि आफ्नो IMEI नम्बर पत्ता लगाउन सकिन्छ।

कहिलेकाहिँ मोबाइल सेट हराएमा खोज्नका लागि यो नम्बर उपयोगी हुन्छ। नेपाल प्रहरीले यसका लागि छुट्टै शाखा नै खडा गरेको छ। तपाईंले निवेदन दिए पछि त्यसै अनुसार प्रहरीमार्फत नै मोबाइल सेटको खोजी हुन्छ। तर त्यसका लागि आफ्नो मोबाइल सेटको IMEI (International Mobile Equipment Identity) नम्बर भने उपलब्ध गराउनु पर्छ। त्यसैले सो नम्बर सुरक्षित रुपमा कतै टिपेर राख्नु राम्रो हुन्छ।

# रिचार्ज तथा बिल भुक्तानीको तरिका

नेपाल टेलिकमका विभिन्न सेवाहरुमा विभिन्न फरक फरक तरिकाबाट रिचार्ज तथा बिल भुक्तानी गर्न सकिन्छ । विभिन्न सेवाहरुमा NT रिचार्ज कार्डको सहयोगले रिचार्ज गर्न सकिन्छ । यसका लागि IVR, USSD, ERC, MPoS / Web Service जस्ता विभिन्न प्रविधिको प्रयोग गर्न सकिन्छ भने बैंकहरु मार्फत पनि बिल भुक्तानी गर्न सकिन्छ ।

**IVR (Interactive Voice Response)** : नेपाल टेलिकमले रिचार्ज गर्नका लागि IVR Code १४१२ को व्यवस्था गरेको छ । यी नम्बरहरुमा कल गरेर दिएको निर्देशन अनुसार रिचार्ज गर्न सकिन्छ । यी नम्बरहरुमा कल गर्दा पैसा लाग्दैन ।

**USSD( Unstructured Supplementary Service Data) :** यो GSM मोबाइल प्रविधिमा प्रयोग गरिने सञ्चार प्रविधि हो । नेपाल टेलिकमले GSM Postpaid र Prepaid मा रिचार्ज गर्न र Balance थाहा पाउनका लागि ४००, ४११ र ४१२ कोडको व्यवस्था गरेको छ ।

**ERC(Electronic Recharge):** नेपाल टेलिकमले विभिन्न संस्थाहरुको सहकार्यमा मोबाइल फोनको रिचार्ज तथा PSTN टेलिफोन र ADSL को बिल भुक्तानी गर्न सकिने व्यवस्था मिलाएको छ । हाल सो कार्य E-Banking मार्फत इन्टरनेट प्रयोग गरी ग्राहक आफैले भुक्तानी गर्न सकिन्छ । बैंकहरुले आफ्ना बचतकर्तालाई मात्र यस्तो सेवा उपलब्ध गराएका छन् भने eSewa, ePay, Khalti जस्ता Online Payment Gateway सेवाप्रदायक मार्फत पनि खाता खोलेर वा नखोलेर यस्तो सेवा प्रयोग गर्न सकिन्छ । यी संस्थाले ग्राहकलाई कुनै निश्चित पिन नम्बर मात्र उपलब्ध गराउछन् र त्यही नम्बर नै मोबाइलमा रिचार्ज गर्न वा अन्य सेवाको बिल भुक्तानी गर्नका लागि प्रयोग गरिन्छ ।

**MPoS (Mobile Point of Sales)**: नेपाल टेलिकमको GSM Prepaid मोबाइलको Top Up (Recharge) तथा GSM Postpaid, PSTN टेलिफोन तथा ADSL सेवाको बिल भुक्तानी गर्नका लागि MPoS को प्रयोग गर्न सकिन्छ । MPoS Pinless Recharge प्रविधि हो । रिचार्ज कार्डको बिकल्पको रुपमा आएको यो प्रणालीमार्फत रिचार्ज गर्दा रिचार्ज हुनका साथै Validity Period समेत बढ्छ । हाल MPoS प्रणालीमार्फत ग्राहकलाई सेवा प्रदान गर्नका लागि विभिन्न स्थानमा Retailer हरु नियुक्त भएका छन् । ग्राहकले आफूले रिचार्ज वा बिल भुक्तानी गर्ने नम्बर उपलब्ध गराएर आवश्यक रकम तिरेमा सिधै रिचार्ज वा बिल भुक्तानी हुन्छ ।


**Web Service :** नेपाल टेलिकमका विभिन्न सेवाहरुमा रिचार्ज तथा बिल भुक्तानी गर्नका लागि टेलिकमकै वेबसाइटको प्रयोग गर्न सकिन्छ ।

NT Recharge कार्ड प्रयोग गरी नेपाल टेलिकमको वेबसाइटमार्फत GSM Postpaid/GSM Prepaid/ CDMA Postpaid/CDMA Prepaid का साथै ADSL तथा WiMAX सेवाको समेत रिचार्ज गर्न सकिन्छ । यसका लागि http://webrecharge. ntc.net.np मा Log In गरी दिएको निर्देशनअनुसार महसुल भुक्तानी गर्न सकिन्छ ।

**विभिन्न बैंक** :

नेपालभरीबाट तपसिलमा उल्लिखित बैंकहरु मार्फत जीएसएम पोष्टपेड, पीएसटीएन र एडीएसएलको महसुल भुक्तानी गर्न सकिन्छ ।

| सि.नं. | बैंकहरुको नाम | GSM | PSTN | ADSL |
|---|---|---|---|---|
| १ | बैंक अफ काठमाडौं | ✓ | ✓ | ✓ |
| २ | सिटिजन्स बैंक अफ इन्टरनेसनल | ✓ | ✓ | ✓ |
| ३ | एभरेष्ट बैंक | ✓ | ✓ | - |
| ४ | ग्लोबल आईएमई बैंक | ✓ | ✓ | - |
| ५ | जनता बैंक | ✓ | ✓ | - |
| ६ | कुमारी बैंक | ✓ | ✓ | ✓ |
| ७ | लक्ष्मी बैंक | ✓ | ✓ | ✓ |
| ८ | माछापुच्छ्रे बैंक | ✓ | ✓ | - |
| ९ | नविल बैंक | ✓ | ✓ | ✓ |
| १० | नेपाल बंगलादेश बैंक | ✓ | ✓ | - |
| ११ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक | ✓ | ✓ | ✓ |
| १२ | नेपाल इन्भेष्टमेन्ट बैंक | ✓ | ✓ | ✓ |
| १३ | नेपाल एसबिआई बैंक | ✓ | ✓ | - |
| १४ | एनआईसी एसिया बैंक | ✓ | ✓ | ✓ |
| १५ | एनएमबि बैंक | ✓ | ✓ | ✓ |
| १६ | प्रभु बैंक | ✓ | - | - |
| १७ | प्राइम कमर्सियल बैंक | ✓ | ✓ | ✓ |
| १८ | सानिमा बैंक | ✓ | ✓ | - |
| १९ | सिद्धार्थ बैंक | ✓ | ✓ | - |
| २० | सनराइज बैंक | ✓ | ✓ | ✓ |
| २१ | हिमालयन बैंक | - | ✓ | - |



केरुङमा नेपाल चीन अप्टिकल लिंक

(१ पेजको बाँकी)

## नेपाल चीन अप्टिकल ...

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले नेपाल टेलिकमले विगत एक सय बर्ष यता ग्राहकको चाहनाअनुसारका विभिन्न सेवा उपलब्ध गराउदै आएको बताउदै हाल वायरलेस तर्फ फोरजी तथा वायरलाइन तर्फ फिक्स ब्रोडब्यान्डको विस्तार सँगसँगै सो रुटमार्फत हुने थप अन्तर्राष्ट्रिय आवद्धताले अहम् भूमिका निर्वाह गर्ने बताउनु भयो । उहाँले सो लिंकमार्फत कम्पनीका सेवाहरुको उपलब्धता र विश्वसनियतामा अझै अभिवृद्धि हुने अपेक्षा गर्नुभयो ।

उक्त कार्यक्रममा चाइना टेलिकम ग्लोबलका मूख्य प्रतिनिधि वाङ योङलिनले फाइबर लिंकले केबुलमार्फत नेपाललाई चीन र हङकङ हुँदै युरोप, मध्य एसिया, उत्तर पूर्वी एसिया र अमेरिका सम्म जोड्ने बताउनु भयो । सो केबुलले भारत र चीनलाई समेत जोड्ने र दुई देश बीचको सम्बन्धलाई अझै मजबुत बनाउने तथा नेपाली कम्पनीहरुको बजार विस्तारमा सहयोग पुऱ्याउने बताउनु भयो ।

सो अवसरमा ब्याकबोन ट्रान्समिसन निर्देशनालयका प्रबन्धक संगीता पहाडीले क्रसबोर्डर अप्टिकल फाइबर लिंक बारे प्रस्तुतिकरण गर्नुभएको थियो ।

## वेबसाइटबाटै डाटा प्याकेज

इन्टरनेटको उपलब्धता भएको समयमा नेपाल टेलिकमका विभिन्न प्रकारका डाटा प्याकेज नेपाल टेलिकमको वेबसाइटबाटै खरिद गर्न सकिन्छ । हाल यसरी डाटा प्याकेज खरिद गर्ने ग्राहकहरु बढिरहेका छन् ।

यसका लागि offer.ntc.net.np मा Log On गर्नु पर्छ । त्यसपछि आफूले प्रयोग गर्ने जीएसएम वा सीडीएमए मोबाइलका विभिन्न डाटा प्याकेजहरु छनोट गर्नु पर्छ । विभिन्न डाटा प्याकेजको मूल्य र समयावधि समेत त्यहीं देख्न सकिन्छ । त्यसपछि ग्राहकले आफ्नो मोबाइल नम्बर र PUK नम्बर राख्नु पर्छ । PUK नम्बर थाहा पाउनका लागि म्यासेज बक्समा PUK टाइप गरी १४१५ मा एसएमएस गर्न सकिन्छ । यो सेवा कम्पनीका Dongle मार्फत डाटा प्रयोग गर्ने ग्राहकहरुका लागि पनि निकै उपयोगी छ ।

सबै विवरण भरेर बाई डाटा प्याक (Buy Data Pack) मा क्लिक गरे पछि ग्राहकको मोबाइलमा आवश्यक डाटा प्याकेज उपलब्ध हुन्छ । यसका लागि मोबाइलमा आवश्यक ब्यालेन्स भने हुनु आवश्यक छ ।

नेपाल टेलिकमको डाटा प्याकेज आफ्नो मोबाइलमा *1415# डायल गरेर पनि लिन सकिन्छ । त्यसैगरी १४१५ मा एसएमएस पठाएर पनि डाटा प्याकेज लिन सकिन्छ ।

नेपाल टेलिकमले हाल जीएसएममा नाइट, फेसबुक, स्मल, रेगुलर, फोरजी र विन्टर/फेस्टिभल डाटा प्याकेजको रुपमा विभिन्न अफर उपलब्ध गराएको छ । त्यसैगरी सीडीएमए सेवामा रेगुलर र नाइट तथा विन्टर/फेस्टिभल डाटा प्याकेज उपलब्ध छ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।
Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**